जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए झुकिएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.न. ४/०५०/५१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily


एक कदम अगाडि

बर्ष १३ • अंक २३ • २०८२ कार्तिक २९ गते शनिवार • 15 Nov. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

NAME
COACHING & TRAINING CENTER PVT. LTD.
Janakpurdham-4, (Shantinagar)
9854025530 / 9824885783

# मधेसमा उमेर नपुगी विवाह हुने संख्या अझै विकराल अवस्थामा

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २८ कार्तिक



मधेसमा उमेर नपुगी विवाह हुने सङ्ख्या अझै विकराल अवस्थामा छ। बालविवाहविरुद्धको कानुन र यससँग जोडिएका अभियान सञ्चालनमा रहे पनि यो समस्या मधेसमा अझै रहेको तथ्यांकले देखाएको छ। विसं २०७८ को राष्ट्रिय जनगणनाअनुसार राष्ट्रिय तथ्यांक कार्यालय थापाथली काठमाडौँले प्रकाशित गरेको तथ्यांकमा मधेसमा अझै १० वर्ष नपुग्दै विवाह हुने पनि पाइएको उल्लेख छ।

यद्यपि यस्तो सङ्ख्या शून्य दशमलव दुई ९०.२० मात्र छ। त्यसैगरी १० देखि १४ वर्षभित्र विवाह हुने ९.३ र १५ देखि १७ वर्षभित्र विवाह हुने २७.७ प्रतिशत छन्। यसैगरी १८ देखि २० वर्षमुनिका ३९.५ प्रतिशत रहेका तथ्याङ्कमा उल्लेख छ। पछिल्लो १८ देखि २० वर्ष उमेर समूहभित्र पुरुषको उमेर सालाखाला २० वर्ष देखिए पनि महिला भने १७ को हाराहारी पाइएका छन्। मधेसमा १८ वर्ष नपुग्दै विवाह गर्ने महिलाको सङ्ख्या ४२.४ प्रतिशत छ। यो सङ्ख्या महोत्तरीमा अझ बढी ४३.३ प्रतिशत रहेको बालविवाहविरुद्ध सामाजिक अभियानमा विभिन्न सामाजिक सङ्घसंस्थासँग सहकार्य गर्दै आएको अन्तर्राष्ट्रिय गैरसरकारी संस्था सेभ द चिल्ड्रेन बर्दिबास कार्यालयका सञ्चार अधिकृत झम्केश्वर ओझा बताउँछन्। मधेसमा पहिलो विवाहको औसत उमेर १८ वर्ष देखिन्छ। जसमा पुरुषको २० वर्ष र महिलाको १७ वर्ष रहेको तथ्यांकमा उल्लेख छ। यी उमेर समूहभित्रको विवाहमा पुरुषभन्दा महिला बढी देखिएका छन्। यस्तै २१ देखि २४ वर्ष उमेरभित्र विवाह हुने मधेसमा १४.५ प्रतिशत छन्। यद्यपि तथ्यांकमा उल्लेख यो अवस्थामा २०७८ सालको जनगणनायता निकै सुधार भएको जिल्ला समन्वय समितिका प्रमुख सुमनकुमारलाल कर्ण बताउँछन्।

'हामीकहाँ बालविवाह अझै सामाजिक समस्याको रूपमा छँदैछ, यद्यपि २०७८ यता यसमा निकै सुधार भएको छ', कर्ण भन्छन्, 'यसबीचमा बालविवाहविरुद्धका सामाजिक अभियानको निरन्तरताले अवस्थामा निकै सुधार आएको छ।' जिल्लाका १५ मध्ये सात स्थानीय तहले विभिन्न सामाजिक सङ्घसंस्थासँगको साझेदारीमा बालविवाहविरुद्धको अभियानलाई निरन्तरता दिएपछि ती ठाउँमा निकै सुधार आएको कर्णको भनाइ छ। त्यसैगरी, मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डलले २०७८ सम्म विकराल सामाजिक समस्या रहेको बालविवाह अब आफ्नो नगर क्षेत्रमा करिब शून्यमा झारिएको बताए। 'हामीले त्यसयता बर्सेनि विवरण संकलन, छोरी शिक्षा कार्यक्रम र किशोरी शिक्षासँगसँगै बालविवाह विरुद्ध बस्तीबस्तीमा अभियान टोली सञ्चालन गरेपछि यसको सकारात्मक परिणाम आएको छ', उनले भने, 'यो वर्ष बालविवाहका घटना देखिएका छैनन्।' बालविवाहको अवस्था विकराल देखिएपछि मधेस प्रदेश सरकारले २०७८ सालमै सन् २०३० सम्म प्रदेशलाई बालविवाह मुक्त बनाउन १० वर्षको रणनीतिक योजना अघि बढाएको छ।

# हरिहर क्षेत्र मिथिला चौरासी कोष संकिर्तन परिक्रमा जनकपुरधाम आउने

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २८ कार्तिक



हरिहरक्षेत्र मिथिला चौरासी कोष परिक्रमा टोली जनकपुरधाम आउने भएको छ। कार्तिक २९ गतेदेखि पहिलो पटक पाँच दिवसीय हरिहर क्षेत्र-मिथिला चौरासी कोष संकिर्तन परिक्रमा आयोजना हुन लागेको छ। भारतको बिहारको हाजीपुर स्थित हरिहर क्षेत्रबाट शुरु हुने सो हरिहर क्षेत्र मिथिला चौरासी कोष संकिर्तन परिक्रमा सोही दिन जनकपुरधाम आइपुग्नेछ।

शनिबार दिउँसो दुई बजे भिट्ठामोड महोत्तरीको सिमाना आइपुग्ने जानकी मन्दिरका छोटे महन्त राम रोशन दाले जानकारी दिए। त्यहाँबाट जानकी मन्दिरको अगुवाइमा साधुसन्तहरुको टोलीले उनलाई स्वागत गर्दै जनकपुरधाम ल्याउनेछ। परिक्रमामा सहभागीलाई जानकी मन्दिर तथा नागरिक समाजद्वारा भव्य स्वागत गरी नगरदर्शन गराउने लगायतका कार्यक्रमहरु रहेको महन्थ दासले जनाएका छन्। उनका अनुसार नगर दर्शनपछि साँझपख दीप प्रज्वलन, सांस्कृतिक कार्यक्रम लगायतका विभिन्न कार्यक्रमहरु आयोजना गरिनेछ। जनकपुरधामपछि ती परिक्रमा टोली भारत बिहारको दरभंगा, अहिल्यास्थान, पातरपुर, सिमरिया र विशौल हुँदै पुनः हाजीपुर पुगेर एक दिने विभिन्न कार्यक्रम आयोजना गरी सम्पन्न हुने छ। सो परिक्रमा टोली नेपाल भारत मिथिला क्षेत्रका ७ सयभन्दा बढी साधुसन्त, धर्मगुरु सहित श्रद्धालु भक्तजनहरुको सहभागिता रहनेछ।

# मटिहानीमा एमपिएल सिजन-१ सुरु
## पहिलो खेलमा वटेश्वर-५ को विजयी सुरुवात

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २८ कार्तिक




मटिहानी नगरपालिका-७ स्थित मटिहानी रंगशालामा आजदेखि 'मटिहानी प्रिमियर लिग MPL सिजन-१-२०८२' भव्य रूपमा सुरु भएको छ। स्थानीय तहमा लुकेको क्रिकेट प्रतिभा पहिचान र बढावा दिने उद्देश्यले सुरु गरिएको उक्त प्रतियोगिताको उद्घाटन मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मंडलले गर्नुभयो।

महोत्तरी र धनुषा जिल्लाका कुल १६ वटा क्रिकेट टोली सहभागी रहेको लिगको पहिलो खेल वटेश्वर गाउँपालिका-५ शान्तिपुर, धनुषा र औरही गाउँपालिका-४ औरही, धनुषाबीच सम्पन्न भयो। प्रतिस्पर्धात्मक खेलमा वटेश्वर-५ शान्तिपुरले उत्कृष्ट प्रदर्शन गर्दै औरही-४ औरहीलाई ७ विकेटले पराजित गर्दै विजयी सुरुआत गरेको छ।

कार्यक्रम :एी सिजन-१ संयोजक रितेश कुमार मंडलको अध्यक्षतामा सम्पन्न भएको थियो। उद्घाटन समारोहमा नगर उप-प्रमुख मंजु देवी साह, वडा अध्यक्षहरू, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, महोत्तरी उद्योग वाणिज्य संघका उपाध्यक्ष पवन साह, सदस्य राम कुमार साह, सुरक्षा निकायका प्रमुखहरू, विभिन्न शाखाका प्रमुखहरू, मटिहानी क्रिकेट टोलीका खेलाडी तथा स्थानीयवासीहरूको उत्साहजनक उपस्थिति रहेको थियो।

स्थानीय स्तरमा खेलकुदको विस्तार, प्रतिभा विकास तथा युवामा खेलप्रतिको आकर्षण बढाउन उद्देश्य राखेर आयोजना गरिएको :एी सिजन-१ आगामी दिनहरूमा अझ रोमाञ्चक हुने अपेक्षा गरिएको आयोजक टोलीले जनाएको छ।

GYAN GANGA INT'L PUBLIC SCHOOL
Janakpurdham-12, Airport Road, Dhanusha
Contact : 9844027971, 9824877627
Class- PG to Class-X
Mr. Hridev Ray
Our Features
* Highly Experienced Teachers' Team.
* Result Oriented Learning Pattern.
* Day Boarders & Healthy Hostel Facility.
* Special Class for Weak Students.
* Robotic & Computer Class Facilities from Grade-1.
* Cricket, Classical Dance, Singing, and others Friday Contest Facilities.
* Monitoring by CC Tv. * Transport Facility.

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open !
+2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence




# “भग्नावशेष”


एड्रियानो दिनु थापा

समृद्धि, परिवर्तन या पहिचानको लागि
या अरू नै विघ्न स्वार्थको लागि
शत्रुताको प्यास मेटाउनको लागि
या स्वाभिमानको ताज खडा गर्नको लागि
विद्रोहको नाममा आफ्नैले आफ्नैलाई लखेटी रहे
परिवर्तनको झन्डा फराउनलाई
आफ्नैले आफ्नैलाई कुल्ची रहे ॥
विध्वंसको च्यादर माथि जलाउनेले जलाई रहे
च्यात्नेले च्याती रहे अन्तत् मैले यी सब सहेरै बसे
किनकि म सबैको नेपाल आमा थिए ॥
पूर्व देखि पश्चिम सम्म मेरा हरेक अङ्ग–अङ्गहरू पोली रहे
विद्रोहले निम्ताएको भुमरी भित्र म सेकी रहे
हृदयको कुना कुना जल्ने गरी म जली रहे
किनकि म सबैको नेपाल आमा थिए ॥
भ्रष्टाचारी सन्तानले निम्ताएको
अराजकताको अखण्ड युद्ध भित्र रेट्नेले रेटी रहे
छलकपटको आधि सँगै
मैले आज ढुङ्गा मुढा खुकुरीको धार सबै सही रहे
युगौं–युग सम्म नभुल्ने गरी
युवा पुस्ता नारा सँगै मेरो छाती माथि नाची रहे
प्रतिकारको साटो बरु म अचेत बनी लडी रहे
किनकि म सबैको नेपाल आमा थिए ॥
शताब्दीले भुल्न नसक्ने एउटा लहर उठे
त्यो नरसंहारमा म आफै पिडित भए
त्यो रगतको छिटा–छिटा गन्दै म रोही रहे
सफलताको परा काष्ठ भित्र त्यो रगतको आहाल
म मौन झरी बनी पखाली रहे
किनकि म सबैको नेपाल आमा थिए ॥
धुवाको मुस्लो र रगतको बाछिटा
आमाको आँसु र क्रोधका झिल्का म हेरि रहे
समयको कठोर परीक्षा मैले आज सही रहे
त्यो भयानक इतिहासको नयाँ पन्ना
मैले आँखा चिम्लेर लेखि रहे
किनकि म सबैको नेपाल आमा थिए ॥
पुछ्न सकिन ती आमाहरूको आँसु
जो कोख रित्तिएर आँचल फैलाई रोही रहे
सेक्न सकिन ती घाउहरू
जो आज पिडा बोकेर बाँची रहे
अन्तरालमा मैले युद्धहरू धेरै झेले
अखण्ड परिवर्तनको यो विद्रोहमा भने
म आफै आज “भग्नावशेष” भई लडे
मेरो आँखै अघि मेरा सन्तानहरू
शत्रुताको प्यास मेटाउन लडिरहे
म एकताको शत्रु बाँधी बौलाएर चिच्याई रहे
सबैलाई शान्त पारी अङ्गालो भरी छोप्न चाहे
किनकि यी सबै मेरै सन्तान थिए र.....
म सबैको नेपाल आमा थिए
किनकि म सबैको नेपाल आमा थिए ॥

# पाँच जना सांसदको पद रिक्त भएको सूचना बदर

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २८ कार्तिक**




मधेश प्रदेश सभामुख रामचन्द्र मण्डलले बिहीबार जारी गरेको पाँच जना सांसदको पद रिक्त भएको सूचना बदर गरिएको छ । उपसभामुख बबिता कुमारी राउत ईशरले नयाँ सूचना जारी गर्दै सभामुखले आफूलाई लक्षित गर्दै लगाइएको महाभियोगपछि प्रतिशोधभावले आवेगमा आएर यस्तो निर्णय गरेको आरोप लगाएकी छन् ।

उपसभामुखका अनुसार कार्तिक २२ गते बसेको प्रदेशसभा बैठकका सभामुखले जारी गरेको सूचनामा उल्लेख भएका सांसदहरुको उपस्थिति सूचि र भिडियो फुटेजले ती पाँचै सांसद उक्त बैठकमा उपस्थित रहेको प्रमाणित गरेको हुँदा सभामुखद्वारा जारी सूचना स्वतः बदर भएको छ । बिहीबार सात दलका ६४ सांसदले सभामुख मण्डलविरुद्ध महाभियोग प्रस्ताव दर्ता गरेका थिए । त्यसको केही समयमै सभामुखले पाँच सांसदको पद रिक्त भएको सूचना सार्वजनिक गरेका थिए । उपसभामुख राउत सुरक्षा जोखिमका कारण आवास खाली: यसैबीच उपसभामुख राउतले सुरक्षा चुनौती औंल्याउँदै प्रदेशसभा भवनभित्रको आफ्नो आवास खाली गरेकी छन् । हाल सभामुखविरुद्ध पदअनुकूल आचरण नगरेको आरोपसहितको प्रस्ताव दर्ता भएपछि सभामा बढ्दो तनाव, केही सांसद कार्यकक्षमै थुनिएकोजस्ता घटनाले वातावरण संवेदनशील बन्दै गएको कारण उनले यस्तो निर्णय लिएको बताइन् । उनले भनिन्– ‘प्रदेशसभामा राजनीतिक तनाव अत्यधिक बढेको छ । कार्यालयभित्रै विवाद, थुनेको घटना र हातपातको प्रयासले मलाई समेत असुरक्षित महसुस भयो। सुरक्षा निकायको सुझावअनुसार म भवनभित्रको आवासबाट बाहिरिएको हुँ ।’ हाल उनी जनकपुरधामकै निजी निवासमा अस्थायी रूपमा बस्नेछिन् । उनले आफ्नो काम, बैठक तथा जिम्मेवारी भने नियमित रूपमा अवरुद्ध नहुने स्पष्ट पारिन् । प्रदेशसभामा सभामुख मण्डल विरुद्ध प्रस्ताव दर्ता भएयता सत्ता र प्रतिपक्षबीच विवाद चर्किएको छ। केही सांसद कार्यकक्षमै थुनिएको घटनापछि राजनीतिक वातावरण झनै तातिएको छ ।


जिल्ला धनुषा मिथिला नगरपालिका वार्ड नं.-०६स्थित सिद्धि प्लाई एण्डभेनियर ईन्डष्ट्रिज प्रा.लि.को लागी आवश्यक पर्ने प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी

**सार्वजनिक सूचना**

मधेश प्रदेश जिल्ला धनुषा मिथिला नगरपालिका वार्ड नं.-०६ स्थित सिद्धि प्लाई एण्डभेनियर ईन्डष्ट्रिज प्रा.लि.ले निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना : | नामः- सिद्धि प्लाई एण्डभेनियर ईन्डष्ट्रिज प्रा.लि.<br>ठेगानाः- मिथिला नगरपालिका वार्ड नं.-०६,धनुषा |
| प्रस्तावको व्यहोरा : | धनुषा जिल्ला, मिथिला नगरपालिका वडा नं.-०६ कीकिता नं. १३१ र ३६६ को कुल क्षेत्रफल १-६-३ (वि.-क.-धु.) भएको जग्गामा स्थापना भई संचालन हुने सिद्धि प्लाई एण्डभेनियर ईन्डष्ट्रिज प्रा.लि.को लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी गर्ने कार्य। |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा: | जिल्ला धनुषा मिथिला नगरपालिका वार्ड नं.- ०६ |

माथी उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली भौतिक प्रणाली जैविक प्रणाली सामाजिक प्रणाली सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा. गा.पा. तथा त्यस क्षेत्रका विद्यालय अस्पताल स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागी पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| सम्बन्धित वडा कार्यालय: | मिथिला नगरपालिका<br>०६ नं. वडाको कार्यालय, धनुषा |
| प्रस्तावकको नाम र ठेगाना: | म :- सिद्धि प्लाई एण्डभेनियर ईन्डष्ट्रिज प्रा.लि.<br>ठेगाना :- मिथिला नगरपालिका वार्ड नं.-०६,धनुषा |
| परामर्शदाताको नाम र ठेगाना: | सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि., विरगंज-१६ धनुषा ।<br>सम्पर्क व्यक्तिः शम्भु प्रसाद चौरसिया<br>सम्पर्क नं.: ९८५१००६६४३<br>इमेल shambhuprasadchaurasia@gmail.com |


# ठूलो परिमाणको लागूऔषध बरामद



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २८ कार्तिक**

औरही नगरपालिका-१ स्थित औरही चोकमा प्रहरीले चेकजाँचका क्रममा ठूलो परिमाणको लागूऔषध बरामद गरेको छ। कात्तिक २७ गते दिउँसो करिब ४ बजेर ३० मिनेटमा प्रहरीले उत्तरबाट दक्षिणतर्फ आइरहेको BR३०A ०६०८ नम्बरको मोटरसाइकल रोकेर जाँच गर्दा १० केजी गाँजा फेला परेको हो ।

मोटरसाइकल चालक भारत, बिहार राज्यको वैशाली जिल्ला-५ पतेपुर बस्ने २७ वर्षीय गोबिन्द राम र पछाडि सवार २१ वर्षीय एकवाल मोहम्मदले बोकेको कालो झोलाभित्र प्लास्टिक र डोरीले कसेर लुकाइ राखिएको अवस्थामा दुई पोका गाँजा भेटिएपछि प्रहरीले तत्काल दुवैलाई नियन्त्रणमा लिएको छ । बरामद गरिएको गाँजा र पक्राउ परेका व्यक्तिहरूलाई थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय गौशाला पुऱ्याइएको छ।

## तपाईको टुडे

मेष: लामो यात्राको योग छ
वृष: विचार गरेर बोल्नुहोला
मिथुन: पिछडेको साथी मिल्ने
कर्कट: मनमा पछुतो आउने
सिंह: आम्दानी हुने
कन्या: अनावश्यक चिन्ता
तुला: अशुभ समाचार प्राप्त हुने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: अनावश्यक खर्चको संभावना
मकर: खानपानमा समस्या आउने
कुम्भ: पढाईमा ध्यान दिनुपर्ने
मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव



**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# बिहारको विधानसभा चुनावको मतगणना जारी, भाजपाको एनडीए गठबन्धन अगाडि

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २८ कार्तिक**



भारतको बिहार विधानसभा चुनावको मतगणना भइरहेको छ। बिहारमा २४३ सिटका लागि दुई चरणमा चुनाव भएको थियो। मतगणना आज बिहानबाट शुरू भएको हो। प्रारम्भिक नतिजाअनुसार भारतीय जनता पार्टी भाजपाको एनडीए गठबन्धन अगाडि रहेको छ। अहिलेसम्म कुनै पनि सिटको अन्तिम परिणाम नआएको भए पनि प्रारम्भिक मतगणनाले एनडीएलाई स्पष्ट बहुमत दिलाएको छ।

२४३ सिटको मतगणना भइरहँदा एनडीए १५३ सिटमा अगाडि छ। कांग्रेस सम्मिलित महागठबन्धन जम्मा ७८ सिटमा अगाडि देखिएको छ। जबकि बहुमतका लागि १२२ सिट जित्नुपर्ने हुन्छ। महागठबन्धन भन्दा एनडीए दोब्बर बढीले अगाडि रहेको छ। एक्जिट पोलले पनि जिताएको थियो एनडीए गठबन्धनलाई : अन्तिम चरणको मतदान सकिएलगत्तै मङ्गलबार साँझ सार्वजनिक भएका एक्जिट पोलहरूले एनडीए गठबन्धनलाई स्पष्ट बहुमत दिने अनुमान गरेका थिए।

सत्रवटा एजेन्सीहरूको सर्वेक्षणको औसत अनुमानअनुसार २४३ सिट भएको बिहार विधानसभामा एनडीएले १५४ सिट जित्ने प्रक्षेपण गरिएको छ। यो अनुमान गत चुनाव (१२५ सिट) भन्दा करिब २९ सिट बढी हो।

# मिलन विश्वकर्माको 'लैजाऊ कि कतै मलाई' सार्वजनिक

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २८ कार्तिक**




नेपाल आइडल प्रतियोगी मिलन विश्वकर्माको गीत 'लैजाऊ कि कतै मलाई' सार्वजनिक भएको छ। सरित राईको सङ्गीत एवं एरेन्ज रहेको लोक फ्युजन शैलीको गीतमा मिलनलाई सलिना बीके र आशिष महरले स्वरमा साथ दिएका छन्। तीन जनाको सामूहिक स्वरमा सजिएको गीतले प्रेम, चाहना र पुरानो दिनको सम्झनालाई विषय बनाएको छ।

गीतलाई शैलेश गिरीले रचना गरेका हुन्। गीत नेपाल आइडल सिजन ६ का प्रतिभा र म्युजिक नेपालबिचको सहकार्यमा सिर्जना गरिने १२ गीतमध्येको एउटा गीत हो। म्युजिक नेपालले आइडलको सिजन ६ का प्रतिभालाई अवसर दिने सम्झौताअनुरूप यो गीतको सृजना गरिएको हो। यो गीतमा स्वर दिने मिलन विश्वकर्मा नेपाल आइडल सिजन ६ का प्रतिस्पर्धी हुन्। प्रस्तुत गीतको ध्वनि डिजाइन, मिक्सिङ र मास्टरिङ मुम्बईमा काम गर्दै आएका इन्जिनियर आर्यमान सार्कीले गरेका हुन्। गीतमा बाँसुरी, तन्मय मणि (पश्चिम बंगाल), सितार, शुभंकर हजारिका (असम) र गितार एलुहिन इयाजको रहेको छ। नेपाल आइडल सिजन ६ को उपाधि गंगा सोनामले जितेकी थिइन्।

# तोकियो विदेशी मुद्राको विनिमयदर

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २८ कार्तिक**




नेपाल राष्ट्र बैंकले आजका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर १४१ रूपैयाँ ५७ पैसा र बिक्रीदर १४२ रूपैयाँ १७ पैसा निर्धारण गरिएको छ।

यस्तै, युरोपियन युरो एकको खरिददर १६४ रूपैयाँ ४३ पैसा र बिक्रीदर १६५ रूपैयाँ १३ पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर १८६ रूपैयाँ २४ पैसा र बिक्रीदर १८७ रूपैयाँ ०३ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १७७ रूपैयाँ ९३ पैसा र बिक्रीदर १७८ रूपैयाँ ६८ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर ९२ रूपैयाँ ९५ पैसा र बिक्रीदर ९३ रूपैयाँ ३५ पैसा, क्यानेडियन डलर एकको खरिददर १०१ रूपैयाँ १७ पैसा र बिक्रीदर १०१ रूपैयाँ ६० पैसा, सिङ्गापुर डलर एकको खरिददर १०८ रूपैयाँ ८३ पैसा र बिक्रीदर १०९ रूपैयाँ २९ पैसा तोकिएको छ।

जापानी येन १० को खरिददर नौ रूपैयाँ १५ पैसा र बिक्रीदर नौ रूपैयाँ १९ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रूपैयाँ ९५ पैसा र बिक्रीदर २० रूपैयाँ ०३ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रूपैयाँ ७५ पैसा र बिक्रीदर ३७ रूपैयाँ ९१ पैसा, कतारी रियाल एकको खरिददर ३८ रूपैयाँ ८४ पैसा र बिक्रीदर ३९ रूपैयाँ कायम भएको छ। केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिददर चार रूपैयाँ ३८ पैसा र बिक्रीदर चार रूपैयाँ ४० पैसा, युएई दिराम एकको खरिददर ३८ रूपैयाँ ५४ पैसा र बिक्रीदर ३८ रूपैयाँ ७१ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३४ रूपैयाँ २९ पैसा र बिक्रीदर ३४ रूपैयाँ ४३ पैसा, साउथ कोरियन वन १०० को खरिददर नौ रूपैयाँ ६६ पैसा र बिक्रीदर नौ रूपैयाँ ७० पैसा, स्वीडिस क्रोनर एकको खरिददर १५ रूपैयाँ ०५ पैसा र बिक्रीदर १५ रूपैयाँ ११ पैसा र डेनिस क्रोनर एकको खरिददर २२ रूपैयाँ ०२ पैसा र बिक्रीदर २२ रूपैयाँ ११ पैसा तोकिएको छ।

# नीशम अनुबन्धपछि सन्तुलित पोखरा एभेन्जर्स, पहिलो सिजनभन्दा राम्रो गर्ने लक्ष्य

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २८ कार्तिक**




पोखरा एभेन्जर्स भन्ने बित्तिकै सबैको दिमागमा नेपाल प्रिमियर लिग (एनपीएल) को महँगो टोली भन्ने आउँछ। पोखरा एभेन्जर्सले सन् २०२२ मा क्यानकै आयोजनामा भएको नेपाल टी-२० लिग पनि खेलेको थियो। त्यसपछि एनपीएलको पहिलो सिजनमा पोखरा सबैभन्दा महँगो टोली बन्यो।

एनपीएलकै सबैभन्दा महँगो टोली पोखरा फ्रेन्चाइज टिम लिनकै लागि ३ करोड ५७ लाख खर्च गरिएको थियो। पोखरा एभेन्जर्सका मालिक सुबोध त्रिपाठीले क्रिकेटलाई उद्योगको रुपमा विकास गर्न र ग्रासरुटबाटै क्रिकेट विकासमा योगदान दिनका लागि पोखरा एभेन्जर्सको टिम बनाएर एनपीएलमा पनि सहभागि भएको बताएका थिए। पहिलो संस्करण राम्रो टिम बनाएपनि अपेक्षा अनुसार प्रदर्शन गर्न नसकेको पोखरा एभेन्जर्सले दोस्रो सिजनका लागि टिमको लोगो देखि लिएर हरेक कुरामा ब्रान्डिङ गरेको छ।

पोखराले एनपीएल अघि क्रिकेट र संगितलाई जोड्न पोखरा रंगशालमा नेपथ्यको कन्सर्ट समेत आयोजना गरेको थियो। यसले एनपीएलको महँगो टोली पोखराको चर्चा अझ बढाएको छ। पोखरा आईपीएलको अनुभव भएको प्रशिक्षकहरुलाई पहिलो सिजन अनुबन्ध गरेको थियो। पोखराले फिल्डिङका बादशाह जोन्टी रोड्सलाई मेन्टर बनाएको थियो। उनी नेपाल आएर पोखरा समेत पुगे अनि काठमाडौंमा भएको जर्सी लन्चमा सहभागि भएर फर्किएका थिए।

जोन्टी रोड्स र राजिव कुमारः यस्तै चेन्नई सुपर किङ्सको सहायक तथा फिल्डिङ प्रशिक्षक रहेका राजीव कुमारलाई मुख्य प्रशिक्षक नियुक्त गरेको थियो। पहिलो सिजन पारिवारिक कारणले राजिव बीचमा भारत फर्कनु परेको थियो।



अनुरोधकर्ता
बलवा नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
महोत्तरी गाउँपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

# कस्ता पार्टी, कस्तो नेतृत्व ?

-इतिहास र अतीतमुखी होइन, भविष्यमुखी पार्टी आजको आवश्यकता हो। जनताले शासक होइन, सेवक खोजेका छन्। शासन होइन, सुशासन खोजेका छन्। केवल सरकार मात्रै होइन, डेलिभरी खोजेका छन्। जुन पार्टीले डेलिभरी गर्न सक्दैन, त्यसको भविष्य छैन।

त्यसैले विद्यमान समस्या समाधान गर्ने स्पष्ट भिजन र ठोस मार्गचित्र भएको थप उन्नत लोकतन्त्रवादी, उदारवादी, बहुलवादी र जनमुखी पार्टी जनताले खोजेका छन्। नेपाली राजनीतिमा पार्टी र नेतृत्वको असफलता, पुस्तान्तरणको आवश्यकता र नयाँ पार्टी निर्माणबारे गम्भीर बहस चलिरहेको छ। परम्परागत विचारधारा र संगठनात्मक पद्धति अप्रासंगिक बन्दै गएका छन् भने जनताले अब स्पष्ट भिजन, डेलिभरी र लोकतान्त्रिक मूल्यमा आधारित पार्टी र नेतृत्व खोजिरहेका छन्। पुराना पार्टीको पुनर्गठन र नयाँ पार्टीको उदय दुवै चुनौतीपूर्ण देखिए पनि जनताको चाहना भविष्यमुखी, उत्तरदायी र उदारवादी नेतृत्वमा केन्द्रित छ। नेपाली राजनीतिमा अहिले राजनीतिक पार्टी र नेतृत्वका बारेमा गम्भीर छलफल, बहस र विवाद चलिरहेको छ। लोकतान्त्रिक प्रणालीमा राज्य सञ्चालन पार्टीले र पार्टी सञ्चालन नेतृत्वले गर्ने भएका कारणले यस्तो बहस अस्वाभाविक भएन। जेन-जी आन्दोलनले पार्टी र नेतृत्वबारे परम्परागत अवधारणा र मानक विनिर्माण गरेपछि यस्तो बहसले थप आयतन, घनत्व र परिधि हासिल गरेको छ। केवल नेपालको सन्दर्भमा मात्रै पनि होइन, अहिले विश्वव्यापी रूपमै एकातिर राज्य, राजनीति, वैकल्पिक राजनीति, सरकार, पार्टी, नेतृत्वलगायतका विषयमा विवादित बहस हुँदै आएको छ। अर्कोतिर उग्रराष्ट्रवादी, पपुलिस्ट, अनुदारवादी, दक्षिणपन्थी, अराजकतावादी पार्टी, प्रवृत्ति र भाष्य हावी हुँदै गएको देखिन्छ।

जुन भाष्य, बहस र प्रवृत्तिको परोक्ष वा प्रत्यक्ष प्रभाव नेपाली राजनीतिमा पनि पर्दै आएको छ। पुराना पार्टी र ती पार्टीका मूल नेतृत्व असफल भए। कि पुस्तान्तरणसहित नयाँ नेतृत्व स्थापित गरी पार्टी पुनर्गठन, रूपान्तरण र शुद्धीकरण गर्नुपर्‍यो। होइन भने नयाँ भिजन र दृष्टिकोणसहितको नयाँ पार्टी बन्नुपर्‍यो। समकालीन राजनीतिमा यस्तो भाष्य प्रचलित र लोकप्रिय हुँदै गएको देखिन्छ। पार्टी र नेतृत्वसम्बन्धी अवधारणा, आधार र आयाम नै परिवर्तन भएको हो कि प्रचलित भाष्यजस्तै पुराना पार्टी असान्दर्भिक र असफल हुँदै गएका हुन्? के पुराना पार्टीको युग सकिएर नयाँ पार्टीको अध्याय सुरु भएकै हो? के पुस्तान्तरणसहित नयाँ नेतृत्व स्थापित गरी पुराना पार्टी पुनर्गठन र रूपान्तरण सम्भव छ? यदि छ भने त्यसको मार्गचित्र के हो? कि पुराना पार्टीमा सम्भावना नभएको कारणले नयाँ पार्टी नै अबको एक मात्र विकल्प हो? जनताले चाहेको पार्टी र नेतृत्व कस्तो हो? भन्नेजस्ता स्वाभाविक तर जटिल प्रश्न उठेका छन्।

त्यसैले राष्ट्रिय-अन्तर्राष्ट्रिय परिवर्तित सन्दर्भमा पार्टी र नेतृत्वका सैद्धान्तिक आयाम र जनताको अपेक्षाको सापेक्षतामा वस्तुनिष्ठ विश्लेषण गर्ने प्रयास गरिएको छ। पार्टी निर्माणका परम्परागत पद्धतिः २० औं शताब्दीको अन्त्यसम्म कुनै



पनि पार्टी निश्चित राजनीतिक विचारधारा, सिद्धान्त र वर्गीय आधारमा निर्माण हुने पद्धति थियो। नेपालका कांग्रेस र कम्युनिस्ट मात्रै होइन, अमेरिकाका रिपब्लिकन र डेमोक्रेटिक, बेलायतका लेबर र कन्जरभेटिभ, भारतका बीजेपी र कंग्रेसलगायत सबै पार्टी सोही सैद्धान्तिक, वैचारिक र वर्गीय आधारमा निर्माण भएका हुन्। तर २१ औं शताब्दीको उत्तरआधुनिक (पोस्ट-मोडर्न), उत्तरवैचारिक (पोस्ट-आइडियोलोजी) तथा सत्योत्तर (पोस्ट-ट्रुथ) युगमा पार्टी निर्माणका परम्परागत पद्धति विघटन भई नवीन मानक स्थापित भएका छन्। आइडियोलोजी (वाद, विचारधारा) र सिद्धान्तको सान्दर्भिकता र औचित्य कति छ? भन्ने सैद्धान्तिक प्रश्न स्वयं राजनीतिशास्त्रीका बीचमा गहन अध्ययन र बहसको विषय भएको छ।

केवल अहिले मात्रै होइन, सन् १९६० मा अमेरिकी राजनीतिशास्त्री डयानियल बेलको बहुचर्चित पुस्तक 'दी एन्ड अफ आइडियोलोजी' प्रकाशित भएदेखि नै यस्तो बहस सुरु भएको थियो। नेपालको सन्दर्भमा पुराना पार्टीहरू कोरा सिद्धान्त र विचारधाराको बन्दी हुँदै आएका छन्। मार्क्सवाद, साम्यवाद, समाजवाद, उदारवाद, राष्ट्रवाद, विस्तारवाद, सामन्तवाद, उपनिवेशवाद, साम्राज्यवादजस्ता शास्त्रीय सिद्धान्त र 'जार्गन' अहिलेसम्म पनि जपिरहेका छन्। कांग्रेस र कम्युनिस्टका आदर्श पुरुषहरू बीपी र मार्क्स गतिशील र प्रगतिशील थिए। तर कांग्रेसले बीपीलाई, कम्युनिस्टले मार्क्स र लेनिनलाई तथा माओवादीले माओलाई गायत्री मन्त्रजस्तै जप्दै यथास्थितिवादी तथा जडसूत्रवादीका रूपमा व्याख्या र विश्लेषण गर्दै आएका छन्। त्यसैले कांग्रेस, एमाले, माओवादीहरू सैद्धान्तिक-वैचारिक दृष्टिले यथास्थितिवादी भएका छन्।

यदि जनभावनाअनुसार गतिशील, जीवन्त र सान्दर्भिक पार्टीका रूपमा विकसित गर्दै जाने हो भने कांग्रेसले बीपी, एमालेले मार्क्स र लेनिन तथा माओवादीले माओलाई पुनः अध्ययन (रिभिजिट) र पुनर्विचार वा पुनरावलोकन (रिथिंक) गर्नु आवश्यक छ। यसैगरी बीपी, मार्क्स, लेनिन, माओका आइडियोलोजी र मूलभूत सिद्धान्तलाई निरन्तरता दिँदै समयानुकूल पुनः परिभाषा (रिडिफाइन) वा पूरक व्याख्या गर्नु अपरिहार्य देखिएको छ।

साभार : कान्तिपुर।

## प्रमाणपत्रहरू हरायो

गैढाबाट मलंगवा जाने क्रममा खैरबनी र संग्रामपुरको वीचमा पर्ने सोनमा गाउँपालिका वडा नं.– ५ को सडक खण्डमा प्लस टु लेभेलको तपसिलका नाम र रजिष्ट्रेशन नम्बर भएको व्यक्तिको माइग्रेसन,ट्रान्सक्रिप्ट तथा प्रोभिजनल प्रमाणपत्रहरु हराएको हुँदा तलको मोबाइल नम्बरमा सम्पर्क गरी वा नजिकको प्रहरी चौकीमा बुझाई दिनु हुनको लागि अनुरोध छ।

**तपसिल :**

**नाम** : नितु कुमारी मिश्र
**रजिष्ट्रेशन नम्बर** : ६९१७२६०२७
**सम्पर्क मोबाइल** : ९८१५८३२३८२





अनुरोधकर्ता
जलेश्वर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश







अनुरोधकर्ता
लोहारपट्टी नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday